बैठक मितिः २०७९/१/२५

बैठक संख्याः २२

छलफल तथा निर्णयः

१. उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत सञ्चालन हुने नवीनतम् यान्त्रिक सिंचाई आयोजना (MIIP) कार्यान्वयनको लागि सहमति माग भएकोमा उक्त आयोजनाको सफल सञ्चालनार्थ तपसिलका विषयहरू पुरा हुने सुनिश्चितता गरेर मात्र आयोजना सञ्चालन गर्न सहमति दिनेः

क. आयोजना सञ्चालन हुने क्षेत्रमा पानी पुनर्भरण (Water Recharge) को प्राकृतिक क्षमता र पानी दोहन (Water Extraction) को मात्राबीच उचित सन्तुलन कायम हुने गरी आयोजना सञ्चालन गर्न उपयुक्त हुने।

ख. आयोजनामा किसानहरुको लागि स्मार्ट कार्डको व्यवस्था रहेको, यस्तो अवस्थामा पानीको उपयोग शुल्क अग्रिम भुक्तानी गरेर मात्र प्रयोग गर्न पाउने भनिएकोमा उक्त उपयोग शुल्क विपन्न किसानहरूलाई किफायती र सरल कसरी गर्न सकिन्छ? त्यस विषयमा ध्यान दिने।

ग. आयोजनाको निर्माण चरण, मर्मत संभार तथा आयोजनाको निर्माण पश्चात सञ्चालन र दीगोपनाको सुनिश्चितता गर्ने, खासगरी विद्युत उपयोगको विषयमा के कसरी किफायती एवं दीगोपना कायम गर्न सकिन्छ? सो विषयमा स्पष्ट भएर मात्र आयोजना सञ्चालन गर्ने।

घ. डीप ट्यूबवेलहरुको जडानबाट सिंचाई सुविधा पुग्ने कृषियोग्य भूमिमा कृषि उत्पादन र उत्पादकत्व अभिबृद्धिमा विशेष ध्यान दिने। यसको लागि आयोजना सञ्चालन गर्ने सरकारकै तहबाट कृषि विकास, अनुसन्धान, आवश्यक यन्त्र उपकरण, मलबिउ र प्रविधि उपलब्ध गराउन स्थायी संरचना स्थापना गरी आयोजना सञ्चालन गर्न उपयुक्त हुने।